*स्थानीय तह निर्वाचन- २०७४*
*संकल्प–पत्र*

*तपाईंको सपना: कांग्रेसको संकल्प*
*भ्रष्टाचारमुक्त, सदाचारयुक्त, समुन्नत मेचीनगर*
*मेचीनगरबासी आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरु !*

नेपाली कांग्रेस पार्टीले २००७ सालको जनक्रान्तिको ठीक अघि हरेक जिल्लामा चुनिएका जनप्रतिनिधि रहने एक निकाय निर्माण गर्ने र २००९ सालमा देशको शासन–प्रशासन, विकास–निर्माण र न्याय सम्पादन गर्ने काम स्थानीय तहमा लैजाने सङ्कल्प जनतामाझ गरेको थियो । २०१६ सालमा बी.पी. कोइराला नेतृत्वको सरकारले स्थानीय स्वायत्त शासन मन्त्रालय गठन गऱ्यो, जस अनुसार जिल्लामा अधिकार सम्पन्न जिल्ला विकास बोर्डको गठन शुरु गऱ्यो भने देशभर विकेन्द्रीकरणका प्रारम्भिक इकाइका रुपमा ग्राम पञ्चायतहरु तथा नगरपालिकाहरु स्थापना गरी आवश्यक अनुदान निकासाको ब्यवस्था भयो ।

२०४९ सालमा नेपाली कांग्रेस नेतृत्वको सरकारले स्थानीय शासनको जग बलियो बनाउँदै ऐन- कानूनको निर्माण र स्थानीय तहको ऐतिहासिक निर्वाचन सम्पन्न गऱ्यो । अधिकांश स्थानीय निकायको स्थानमा नेपाली कांग्रेसले बिजय हासिल गऱ्यो र सोही अवधिमा गाउँ-गाउँमा सडक निर्माण, बिद्यालय स्थापना, स्वास्थ्य सेवा र सुविधामा बिस्तार, खानेपानी तथा सरसफाइको क्षेत्रमा विकास भयो । ग्रामीण क्षेत्रमा विकास बजेटको ७० प्रतिशत रकम छुट्याउने र प्रत्येक गाउँ विकास समिति तथा नगरपालिकामा एकमुष्ट बजेट जाने नीति र कार्यक्रम प्रारम्भ गऱ्यो ।

नेपाली कांग्रेसले आफ्नो १२औं महाधिवेशनमा पारित नीति र कार्यक्रममा "संविधानद्वारा सूची निर्माण गरी स्थानीय तहमा रहने अधिकार र स्रोत–साधनको प्रभावकारी उपयोग गर्ने कार्यकारी अधिकार सहितको स्थानीय सरकारले मात्र स्वायत्तता र स्वशासनको लोकतान्त्रिक आधारशिला राख्न सक्छ" भन्ने प्रतिबद्धता व्यक्त गरेको थियो । सोही प्रतिवद्धता अनुसार आजको स्थानीय तह नेपाली कांग्रेसको नीति तथा कार्यक्रम अनुसार प्राप्त भएको छ । यो लोकतन्त्रको अधारशिला निर्माण गर्नमा कोशेढुङ्गा सावित हुनेछ ।

नेपालको नयाँ संविधान जारी भएपछि आगामी असार १४ गते दोस्रो चरणमा स्थानीय तहको महत्वपूर्ण निर्वाचन हुँदैछ । यस निर्वाचनमा मत खसालेर हामीले मेचीनगरका आम नागरिकको घरदैलोमा बसेर काम गर्ने स्थानीय सरकार बनाउँदै छौं । यो नगरपालिका हाम्रो मतबाट बन्ने स्थानीय सरकार नेपालमा बनेको नयाँ संविधानको कार्यान्वयन गर्न तथा हाम्रो सुख, दुःख र नगरको विकासका लागि सबैभन्दा महत्वपूर्ण र भरपर्दो संस्था हुनेछ । यस्तो महाअभियानमा लोकतन्त्रको जग बसाउन, संविधानको कार्यान्वयन गर्न तथा समृद्ध राष्ट्रको निर्माण गर्न नेपाली कांग्रेस स्थानीय तहको निर्वाचनमा होमिएको हो । अतः यस्तो महत्वपूर्ण निर्वाचनमा हामी सबै मतदाता उपस्थित भई मतदान गरौं र नेपाली कांग्रेसका उम्मेद्वारहरुलाई रुख चिन्हमा भोट हाली अत्यधित मतले बिजय गराऔं । नेपाली कांग्रेस यो संकल्प पत्र मार्फत् निम्नानुसारको विकास निर्माण गर्न तथा स्थानीय सुशासन कायम राख्न प्रतिबद्धता जाहेर गर्दछ –

## कृषि क्षेत्रको आधुनिकीकरण र उत्पादनमा बृद्धि

- मेचीनगर नगरपालिका क्षेत्रमा कृषि एवम् पशुजन्य उद्योगको स्थापना एवम् क्षमता विस्तारका लागि लगानी गर्न चाहने कृषक तथा उद्यमीहरुको लगानीका लागि शुलभ ऋणको व्यवस्था मिलाइने छ ।
- जग्गाको उपयोगका दृष्टिले उचित वर्गीकरण गरी कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक क्षेत्र र बजार क्षेत्र किटानी गर्ने नीति लिइनेछ ।
- कृषि योग्य जमिनमा बाह्रै महिना सिञ्चाइ सुविधा विस्तार गर्न वार्षिक  सिञ्चाइ सुविधा विस्तारको लक्ष्य र उपलब्धि सार्वजनिक गरी कार्यक्रम बनाई लागू गरिनेछ ।
- नगरपालिकाभित्र कृषि- जैविक विविधताको महत्व भएका बाली तथा वस्तुहरुको पहिचान गरी तिनीहरुको संरक्षण तथा उपयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- तरकारी बालीमा अत्यधिक बिषादिको प्रयोगका कारण आम नागरिकको स्वास्थ्यमा परिरहेको असरलाई मध्यनजर गर्दै मेचीनगर नगरपालिकामा निर्वाचित हुने कांग्रेस नेतृत्वले यस सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ । अर्ग्यानिक तरकारी उत्पादनका लागि नगरपालिकाले निश्चित क्षेत्रहरुमा कृषकहरुलाई प्रेरित र सहजीकरण गर्नेछ ।
- आगामी ५ वर्षभित्रमा मेचीनगर नगरपालिकाभित्र अनुमति प्राप्त पशु बधशालाबाट मात्र प्रशोधित मासु बजारमा बिक्री हुने प्रबन्ध मिलाइनेछ ।

- कृषिबाली तथा पशु बीमा कार्यलाई ब्यापक रुपमा प्रोत्साहित गरिनेछ ।
- बीमाले संरक्षित गर्न नसकेका कृषिबाली तथा पशुधनमा हुने क्षतिलाई पूर्ति गर्न कृषक सहकारी र नगरपालिकाको साझेदारीमा एक राहत कोषको ब्यवस्था गरिनेछ ।
- नगरपालिका क्षेत्रका किसानहरुलाई संगठित गरी उनीहरुको कृषि- बाली तथा पशुधन व्यवसायको जोखिम कम गर्न किसान क्लब गठन गरी सो मार्फत् कार्यक्रम कार्यान्वयन गरिने छ ।
- निजी तथा सहकारी क्षेत्रको सहकार्यमा शुपथ कृषि सामग्री पसलहरुको स्थापना गरी त्यसै अन्तर्गत मल, बीऊबिजन तथा खाद्य सामग्रीको बिक्री वितरण गरिनेछ ।
- मेचीनगर नगरपालिकाको बाहुनडाँगी क्षेत्रलाई सुपारी उत्पादन पकेट क्षेत्र घोषणा गरी सुपारी सहकारीको स्वामित्वमा रहने गरी पुँजीगत अनुदान प्रदान गर्ने र सोबाट उत्पादित सुपारीको बजार व्यवस्थापनका लागि प्रशोधन केन्द्रको स्थापना गर्ने । यसले सुपारी खेतीको उत्पादन बृद्धि, उत्पादनको प्रशोधन तथा बजारीकरणलाई प्रोत्साहित गर्नेछ ।
- मेचीनगरका धेरै कृषकहरु चिया खेतीतर्फ उन्मुख भएकाले सो क्षेत्रलाई चिया पकेट क्षेत्रको रुपमा विकास गर्ने र चिया सहकारी मार्फत सहकारीकै स्वामित्वमा रहने गरी पुँजीगत अनुदान दिई चिया प्रशोधन केन्द्रको स्थापना गर्ने । जसबाट कृषकहरु चिया उत्पादनमा प्रोत्साहित भई आफ्नो आम्दानी बृद्धि गर्नमा सफल हुनेछन् ।
- कांग्रेसको सरकार हुँदाका वखत शिलान्यास भई स्थानीय कांग्रेस नेतृत्वको अगुवाइमा निर्माण सम्पन्न भएको सिद्धि सिञ्चाई योजनाबाट उचित लाभ लिन सो भेगलाई कृषि सुपरजोन बनाउँदै अर्ग्यानिक कृषि आधुनिकीकरणको योजनामा गाभिनेछ ।

- मेचीनगर वार्ड नं. ५ मा अवस्थित मेची कृषक सहकारी संस्थाद्वारा सञ्चालित सामुदायिक पोष्ट हार्भेस्टलाई आत्मनिर्भर बनाई उन्नत बिउबिजन केन्द्रको रुपमा विकास गर्ने ।
- "कृषिमा उद्यमशिलता–आजको आवश्यकता" भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगीकरणका लागि माटो परीक्षण केन्द्र र कृषि तालिम केन्द्रको आवश्यकता महशुस भएकाले किसान क्लवको गठन गरी कृषि तालिम केन्द्र स्थापना गर्ने ।
- कृषि क्षेत्रबाट उत्पादित कच्चा पदार्थमा आधारित कुटीर तथा घरेलु उद्योगहरुलाई विशेष प्राथमिकता दिई छुट र शुलभ ऋणको व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वार्डको मूल सडकबाट टोलहरु जोड्ने कृषि सडक निर्माण गरिनेछ ।
- 'एक वार्ड : एक उत्पादन' कार्यलाई महत्वका साथ अगाडि बढाइनेछ ।
- मेचीनगर क्षेत्रभित्रका सबै वडाहरुको पहुँच पुग्ने गरी कम्तीमा एउटा कोल्ड स्टोरेजको निर्माण गरिनेछ ।
- कृषिक्षेत्रको विकासका लागि बिभिन्न स्थानमा आवश्यक कल्भर्ट, पुल, कुलो, पैनी, इनार, बोरिङ तथा नहरहरुको निर्माणलाई प्राथमिकताका साथ योजनामा समावेश गरिनेछ ।

## सहकारी क्षेत्र र बित्तीय पहुच

- मेचीनगर क्षेत्रका सहकारीहरु मार्फत् सहकारी आन्दोलनलाई लोकतान्त्रिक अभ्यास, आर्थिक समृद्धि र गरिबी निवारण एवम् स्वरोजगार उन्मुख माध्यमको रुपमा विकास गरिनेछ ।

- उत्पादनमा बृद्धि, उत्पादनको प्रशोधन तथा बजारीकरण, ग्रामीण बचत परिचालन तथा कर्जा प्रवाहमा यस क्षेत्रका सहकारीहरुको भूमिका बढाइनेछ ।
- नगदे बाली, फलफूल, चिया, दूध, अलैंची, अदुवा, मासु आदि उत्पादनका लागि किसानहरुकै सहकारीको स्वामित्वमा रहने गरी प्रशोधन केन्द्रहरु स्थापना गर्न पुँजीगत अनुदानको व्यवस्था मिलाइनेछ ।
- कृषकहरुको उत्पादनलाई सहज ढङ्गले बजार व्यवस्था गर्न सहकारी मार्फत "एक वार्ड एक हाट बजार" तथा आवश्यक ठाउँमा कृषि मन्डीको योजना सञ्चालन गरिनेछ ।
- नगरपालिकाका सबै वार्डहरुमा बित्तीय सेवाको पहुँच पुऱ्याउन ठूला तथा मझौला बैङ्कहरुलाई सेवा बिस्तार गर्न प्रोत्साहन दिइनेछ ।
- सहकारी आन्दोलनमा जोडिएका सञ्चालक, कर्मचारी शेयर सदस्यहरुका लागि एक नगरस्तरीय सहकारी प्रशिक्षण केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।
- १६ वर्ष नाघेका सबै नागरिकहरुको बैङ्क खाता खोल्ने व्यवस्था गरी बैङ्किङ कारोबारमा प्रोत्साहन गरिनेछ ।

## पर्यटन

- भुटान, बङ्गलादेश र भारत भएर आउने पर्यटक प्रवेशको मुख्य मार्ग मेचीनगर नगरपालिका भएकाले यहाँको सडक, सार्वजनिक यातायात व्यवस्था, सञ्चार सुविधा, खानेपानी, ढल र फोहोर व्यवस्थापन, बिजुली र आवास सुविधा जस्ता पूर्वाधारहरु आधुनिक, भरपर्दो, वातावरणमैत्री र प्रदूषणमुक्त बनाइनेछ ।

■ ऐतिहासिक, धार्मिक–सांस्कृतिक सम्पदा एवम् प्राकृतिक सौन्दर्य र जैविक विविधताको उचित स्याहार, सम्भार र संरक्षण गरी पर्यटनको विकास गर्नु पहिलो प्राथमिकता हुनेछ । यसका लागि निम्न कार्यहरु गरिनेछ :–

☞ऐतिहासिक, धार्मिक–सांस्कृतिक, प्राकृतिक आकर्षणका स्रोत र सम्पदालाई आर्थिक आर्जनको आधार बनाइनेछ ।

☞नगर क्षेत्रभित्रका विशिष्ट पर्यटन क्षेत्र र बिषयको पहिचान तथा विकास गरिनेछ ।

☞नगरक्षेत्र भित्रका पर्यटन स्थललाई आन्तरिक पर्यटक, तथा अन्तर्राष्ट्रिय पर्यटकको गन्तब्य स्थल बनाउनका लागि पर्यटकीय स्थलहरुको वर्गीकरण गरी सोही अनुरुपको पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

☞ पूर्वाधार र सुविधा नपुगेको कम्तीमा दुईवटा सम्भाव्य पर्यटक स्थलको विकास गर्न प्रतिष्ठित लगानीकर्तालाई उचित शर्तसहित सम्बन्धित निकायसँग समन्वय गरी लगानी गर्न आमन्त्रण गरिनेछ ।

☞ निजी लगानी कर्ताहरुसँग समन्वय गरी पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण तथा सञ्चालन प्रकृयामा लगानी गर्न प्राथमिकता दिइनेछ ।

☞ आदिवासी जनजाति, अल्पसङ्ख्यक, लोपोन्मुख तथा दलित समुदायहरुको लोक संस्कृतिहरुको संरक्षण, संवर्द्धन, वातावरण संरक्षण आदिलाई ध्यानमा राखी सम्भाव्य वार्डहरुमा सङ्ग्राहलय, अध्ययन केन्द्र आदिको पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

☞ स्थानीय लोक संस्कृतिहरुको संरक्षण, सम्वर्द्धन, वातावरण संरक्षण आदिमा स्थानीय महिला समूह तथा स्वयम्सेवी युवा क्लवहरुलाई परिचालित गरिनेछ ।

☞ पर्यटकीय स्थलमा होमस्टे तथा साना लजहरुको व्यवस्थापन गरिनेछ । त्यसका लागि सहुलियतपूर्ण ऋण, प्राविधिक सहयोग र तालिम आदिको समन्वय गरी सेवाको गुणस्तर बृद्धि गरिनेछ ।

☞ देशको पूर्वीद्वार काँकरभिट्टा क्षेत्रमा एक सामुदायिक पर्यटन सूचना केन्द्र र सेवाकेन्द्रको स्थापना गरिनेछ ।

☞ आन्तरिक तथा वाह्य पर्यटकहरुका लागि शिवालय मन्दिरमा भ्यू टावरको निर्माण गरिनेछ ।

☞ Plant Quarantine कार्यालयलाई प्रभावकारी तथा व्यवस्थित गरिने छ ।

☞ आन्तरिक तथा वाह्य पर्यटकहरुका लागि पूर्वीद्वार काँकरभिट्टामा स्थानीय उत्पादन प्रदर्शन तथा विक्री कक्ष र कोशेली घरहरुको स्थापना गरिनेछ ।

☞ पूर्वीद्वारको कुनै उपयुक्त स्थानमा विश्व शान्तिका अग्रदूत भगवान् बुद्धको भव्य मूर्ति स्थापना गरिनेछ ।

## उद्योग तथा ब्यवशाय

■ मेचीनगर नगरपालिकाको उपयुक्त स्थान छनोट गरी औद्योगिक क्षेत्रको निर्माण गरिनेछ ।

■ सञ्चालित औद्योगिक क्षेत्रलाई लोडसेडिड. मुक्त बनाइनेछ ।

■ काँकरभिट्टा इँटाभट्टा, धुलाबारी, धाइजन र चाराली क्षेत्रमा आधुनिक सुविधा सम्पन्न सपिङ कम्प्लेक्स निर्माण गरिनेछ ।

■ काँकरभिट्टा, इँटाभट्टा, धुलाबारी, धाइजन र चाराली आदि बजारक्षेत्रमा व्यवस्थित पार्किङको व्यवस्था मिलाइनेछ ।

■महिला उद्यमीलाई प्रोत्साहन गर्न 'मेची महिला उद्यमी विशेष कार्यक्रम' को सुरुवात गरिनेछ ।

■रुग्ण उद्योग प्रवर्द्धनका लागि बिशेष कार्यक्रम ल्याइनेछ ।

■ भारत तथा तेस्रो मुलुकबाट मेचीनगर नगर क्षेत्रमा आयात गर्ने क्रममा व्यापारीहरुले भोगिरहेको प्रशासनिक तथा कानुनी झमेला न्यूनीकरण गर्न बिशेष पहल गरिनेछ ।

■ व्यापारी तथा उद्योगीहरुमा परेको चन्दा, चिठ्ठा आतङ्कलाई निरुत्साहित गर्न प्रभावकारी पहल गरिनेछ ।

■नगरपालिकाको उपयुक्त क्षेत्रमा एक उद्यम प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ ।

■मेचीनगरमा हाल सञ्चालनमा रहेका उद्योगहरुबाट उत्पन्न हुने प्रदूषण कम हुने प्रविधि तत्काल जडान गर्ने प्रोत्साहन गरिनेछ ।

■मेचीनगर क्षेत्रभित्र उपयुक्त स्थान पहिचान गरी विशेष औद्योगिक क्षेत्र निर्माण गरिनेछ ।

■साना मझौला तथा घरेलु उद्योगहरु स्थापना गर्नेका लागि मूल पुँजीको व्यवस्था गरी प्रोत्साहन गर्ने तथा उक्त उद्योगहरु प्रवर्द्धन गर्नका लागि आवश्यक कानुन निर्माण गरिनेछ ।

■नगर क्षेत्रभित्रका पुराना बजारहरु (धुलाबारी तथा काँकरभिट्टाका खुद्रा बजार) व्यवस्थित तथा प्रवर्द्धन गर्नका लागि गुरुयोजना तयार गरी कार्यन्वयन गर्ने गराउने ।

## शैक्षिक क्षेत्र

- सामुदायिक बिद्यालय र संस्थागत बिद्यालय शिक्षामा देखिएको विभेदलाई अन्त्य गर्दै सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम ल्याइनेछ ।
- मेची नगरपालिकाभित्रका सामुदायिक क्याम्पसमध्ये धुलाबारी क्याम्पसमा विज्ञान तथा इञ्जिनियरिङ बिषयमा स्नातक तहको अध्यापन गराइने, काँकरभिट्टा क्याम्पसलाई व्यवस्थापन सङ्कायमा र त्रिदेव क्याम्पसलाई शिक्षा सङ्कायमा स्नातकोत्तर तथा बाहुनडाँगी क्षेत्रमा कृषि क्याम्पसको अध्यापन गराउन पहल तथा सहयोग गरिनेछ ।
- सामुदायिक विद्यालयमा माध्यमिक तह (कक्षा १२) सम्म पूर्ण निःशुल्क र सहज पहुँच सहितको शिक्षाको व्यवस्था मिलाइनेछ ।
- एक वडा : एक प्राविधिक शिक्षालयको व्यवस्था गरिनेछ ।
- कक्षा १२ को अन्तिम परीक्षामा सहभागी भएका नगरक्षेत्रभित्रका न्यूनतम ५०० युवालाई तरुण सीपवृत्ति योजना अन्तर्गत ईन्टर्नसिप कार्यक्रममा सहभागी गराइनेछ ।
- प्रत्येक विपन्न परिवारका एक सदस्यलाई निःशुल्क प्राविधिक सीप तालिम लिने अवसर प्रदान गरिनेछ ।
- सबै सामुदायिक बिद्यालयमा प्रत्येक ६ महिना निःशुल्क स्वास्थ्य परीक्षण गराइनेछ । प्रत्येक माध्यमिक विद्यालयमा आधारभूत उपचार र स्वास्थ्य सल्लाह सहितको स्थायी नर्सिङ सेवा उपलब्ध गराइनेछ ।
- नगरपालिकाभित्र वाइफाइ इन्टरनेटसहितको एक आधुनिक मेची पुस्तकालय र सामुदायिक सिकाइ केन्द्र स्थापना गरिनेछ ।

- एक वार्ड एक योग तथा प्राकृतिक चिकित्सा केन्द्र, एक टोल एक शिशु विकास केन्द्र स्थापना गरिनेछ ।
- नगरभित्रका उद्योग तथा संस्थागत संरचनामा रहेका व्यवसायिक क्षेत्रमा काम गर्ने श्रमिकलाई लक्षित गरी त्यही कार्य थलोमा बाल विकास केन्द्र स्थापना गरी पूर्व प्राथमिक तहको शिक्षा उपलब्ध गराइनेछ । त्यस ठाउँमा काम गर्ने श्रमिकका आधारभूत तहमा अध्ययन गर्ने बालबालिकालाई रोजगारदातासँग सहकार्य गरी नजिकैको सामुदायिक बिद्यालयमा अध्ययन गर्ने आवश्यक ब्यवस्था मिलाइनेछ ।

## स्वास्थ्य

- नेपाली कांग्रेसको सरकारद्वारा ५ जनासम्मको परिवारलाई वार्षिक रु.२५०० प्रिमियम तिर्ने निश्चित गरिएको स्वास्थ्य बीमामा सहभागी हुन सबैलाई प्रेरित गर्दै "मेची स्वास्थ्य बीमा" नाम दिएर बिपन्न परिवार पहिचान गरी प्रत्येक वडाका २०० जनासम्मलाई श्रमबाट चुक्ता गर्ने स्वाभिमानी अवसर उपलब्ध गराउने गरी शुरुवातमा नि:शुल्क बीमाका लागि नगरपालिकाले सहजीकरण गर्नेछ ।
- सबैलाई भरपर्दो, स्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा भन्ने मूल लक्ष्यका साथ यस नगरपालिकामा अवस्थित धुलाबारी स्वास्थ्य केन्द्रलाई प्रसूति सेवासहितको कम्तीमा २५ शैयाको अस्पतालका रुपमा विकास गरिनेछ । साथै सो अस्पतालबाट नि:शुल्क डाइलोशिस सेवा प्रदान गरिनेछ र घुम्ती सेवाको रुपमा महिलाको पाठेघरको मुखको क्यान्सर परीक्षणलाई प्रत्येक वार्डमा लगिनेछ ।

■ सरसफाइको सामाजिक अभियान अन्तर्गत नगरक्षेत्रका बिपन्नवर्गका परिवारलाई शौचालय निर्माण गर्न थप अनुदान दिइनेछ । साथै बिपन्न परिवारका लागि पानीको एक निःशुल्क धारा कार्यक्रम लागू गरिनेछ ।

■ आगामी ५ वर्षभित्रमा सम्पूर्ण नगरवासीहरुलाई गुणस्तरीय खानेपानीको सुविधा उपलब्ध गराइनेछ ।

■ मेचीनगर रेडक्रस उपशाखालाई स्तरोन्नति गरी ब्लड बैङ्कको व्यवस्था गरिनेछ ।

■ "सुत्केरी आमा पोषिलो खाना" भन्ने नाराका साथ स्थानीय स्वास्थ्य संस्थाबाट सुत्केरी भएको २ वर्षसम्म पोषण कुपन वितरण गरिनेछ साथै गर्भवती महिलाहरुको पोषणका लागि नियमित भत्ता र नवजात शिशुको निःशुल्क उपचारका लागि सुनौलो १००० दिन कार्यक्रम सञ्चालन गरिनेछ ।

■ नगरका स्वास्थ्य स्वयम् सेविकालाई मासिक रु. ५५५५ भत्ता उपलब्ध गराइनेछ ।

■ धुलाबारी स्वास्थ्य केन्द्रमा सामाजिक सेवा एकाइको व्यवस्था गरिनेछ ।

■ बाहुनडाँगीको भृकुटीमा रहेको वीपी ग्रामीण सेवा केन्द्रलाई स्वास्थ्य संस्थाका रुपमा विकसित गरिनेछ ।

■ काँकरभिट्टा, ज्यामिरगढी, दुहागढी, धाइजनमा रहेका उपस्वास्थ्य चौकीहरुको स्तर बृद्धि गरी स्वास्थ्य सेवा बिस्तार गरिनेछ ।

■ मेची आम्दा अस्पतालको स्तरोन्नति गरी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गरिनेछ ।

## पुर्वाधार बिकास

- नेपाली कांग्रेसको आन्तरिक पहलबाट प्रस्तावित र प्रकृयामा रहेको एकल रिङरोड (बाहुनडाँगी–काँकरभिट्टा–सतिघट्टा–गोमनसरी–बिचार्नी–दुहागढी–धाइजन–बुधबारे–शान्तिनगर) लाई अन्तिम परिणाममा पुऱ्याइनेछ ।
- आगामी ५ वर्षभित्रमा नगरपालिकाका सबै वडाहरुलाई पक्की सडकमार्फत् राष्ट्रिय सडक सञ्जालसँग जोडिनेछ ।
- जनतालाई उचित सेवा प्रदान गर्न सबै वडामा सुविधायुक्त, भौतिक पूर्वाधार सम्पन्न वडा कार्यालयहरुको निर्माण गरिनेछ ।
- मेचीनगर वार्ड नं. ३ को तेलपानीबाट स्याङलेङटार जाने बाटोमा पर्ने दूधे खोलामा झोलुङ्गे पुल बनाई कृषि उत्पादनमा प्रोत्साहन गर्नका लागि व्यापारिक कृषि सडकको निर्माण गरिनेछ ।
- निन्दा नदीको पूर्वी बाधलाई सडकको रुपमा विकास गरी वैकल्पिक बाटो तथा ग्रीन बेल्ट बनाइनेछ ।
- मेचीनगर वार्ड नं. १५ मा मेचीपारीको नेपाल भनेर चिनिने ग्वाला बस्ती जाने बाटो, मेची नदीमा झोलुङ्गे पुल निर्माणका लागि प्रादेशिक, केन्द्र सरकार र आवश्यक परे भारतीय पक्षसँग समन्व र पहल गरिनेछ ।
- मेचीनगर वार्ड नं. ३ को दुधे खोलाबाट तेलपानी हुँदै बग्ने नहरको निर्माण गरिनेछ, जसले स्थानीय स्तरमा अर्ग्यानिक खेती तथा नगदेबाली उत्पादन बृद्धि गर्न मद्धत गर्नेछ ।
- मेचीनगर वार्ड नं. १को तिरिङबाट पाटापुर जोड्न दूधे खोलामा झोलुङ्गे पुल निर्माण गरिनेछ ।

- निर्माणाधीन रहेको पर्यटकीय क्षेत्र मिनी माउन्टेनमा झोलुङ्गे पुल निर्माण गरिनेछ ।
- धुलाबारी बजारबाट हुलाकी मार्ग हुँदै धाइजन जाने हँडिया खोलामा पक्की पुलको निर्माणका लागि प्रादेशिक सरकारसँग पहल गरिनेछ ।
- मेचीनगर वार्ड नं. १३ को चारालीलाई पाथीभरा धार्मिक पर्यटकीय प्रवेशद्वारका रुपमा विकास गरिनेछ ।
- वडाका मूल सडकसँग प्रत्येक टोलहरुलाई स्तरीय सडकमार्फत् जोडिनेछ ।
- स्थानीय सडकको निर्माण, उपयोग गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिइनेछ ।
- स्थानीय सडकहरुलाई पर्यटकीय, ऐतिहासिक र हरित लगायत सडकहरुमा वर्गीकरण गरिनेछ ।
- स्थानीय तहमा विकास निर्माणलाई व्यवस्थित र गुणस्तरीय बनाउन स्थानीय निर्माण व्यावसायीहरुलाई प्रोत्साहन र प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ ।
- मेचीनगर क्षेत्रमा विभिन्न नदीनाला, खहरे, खोल्साहरुबाट हुनसक्ने कटानलाई ध्यानमा राखी आवश्यक ठाउँमा तटबन्धन गरिनेछ ।
- नगरपालिकामा कुनै पनि परियोजना शुरु गर्दा निम्न पाँच आधारको खोजी गरिनेछः

☞ रणनैतिक आधार- परियोजना किन आवश्यक छ ?

☞ विकासको आधार- आयोजनाले आम समुदायमा ल्याउन सक्ने आर्थिक सामाजिक, सांस्कृतिक वा वातावरणीय प्रभाव के हो ?

☞ वित्तीय आधार- खर्चले धान्न सकिन्छ कि सकिँदैन ?

☞ प्राविधिक आधार- प्रयोग हुने उपयुक्त प्रविधिहरु उपलब्ध छन् ?

☞ व्यवस्थापकीय आधार- निर्धारित समयावधिभित्र आयोजना कार्यान्वयनको सुनिश्चितता छ ?

## सिञ्चाई

- कृषकहरुद्वारा व्यवस्थित गरिएका सिञ्चाइ प्रणालीहरुलाई भरपर्दो, आधुनिक र दिगो बनाइनेछ साथै सिञ्चाइका लागि आवश्यक नयाँ, छोटा योजनाहरुको निर्माणलाई प्राथमिकता दिइनेछ ।
- मेची नदी, निन्दा खोला, टिमाई खोला, हँडिया खोला लगायत खोलामा निर्माण भएका सिञ्चाइ पूर्वाधारहरु (कुलो, पैनी, नहर आदि) लाई स्थानीय समुदाय, उपभोक्ताको सहभागितामा सञ्चालन र मर्मत सम्भार गर्ने व्यवस्थालाई प्रोत्साहित गरिनेछ ।
- नेपाली कांग्रेसको पहलमा निर्माणाधीन अवस्थामा रहेका धाइजन तथा दुहागढीका सिञ्चाइ योजनाहरु सम्पन्न गरी थप सेवा बिस्तारमा पहल गरिनेछ । साथै सिद्धि नहरको नियमित सञ्चालन, विस्तार तथा मर्मत-सम्भार गरिनेछ ।
- नगरक्षेत्रमा भएका पानीको स्रोतहरुको संरक्षण र सदुपयोग गरिनेछ ।

## सुचना तथा सञ्चार

- मेचीनगर नगरपालिकाका हरेक गतिविधिहरुलाई आम नागरिक माझ पुर्‍याउन स्थानीय स्तरमा सञ्चालित एफ.एम.हरुलाई उपयोग गरिनेछ । सञ्चारगृहरुको दिगो विकासका लागि विशेष टेवा पुर्‍याइनेछ ।
- १०० वाट सम्मका एफ.एम., स्थानीय टेलिभिजनको अनुमति प्रदान गरिनेछ ।
- नगरका सबै वार्डहरुमा ईन्टरनेट सेवा, टेलिफोन सुविधाको पहुँच तथा क्षमता विस्तार गरिनेछ ।
- 'एक वार्ड : एक बुलेटिन' को अभियानमार्फत् नागरिकहरुलाई सुसुचित गरिनेछ ।

## जलवायु परिवर्तन तथा प्रदुषण नियन्त्रण

- जलवायु परिवर्तन तथा प्रदूषण नियन्त्रणबारेमा बिभिन्न चेतनामूलक कार्यक्रमहरु गर्न नगरपालिकाले स्थानीय स्तरका गैर सरकारी संस्थाहरुसँग समन्वय गरी विभिन्न कार्यक्रमहरुको सञ्चालन गर्नेछ ।
- नगरक्षेत्रका कलकारखानाहरुबाट उत्पन्न हुने प्रदूषणलाई रोक्ने कार्य कडाइका साथ लागू गरिनेछ ।
- नगर क्षेत्रमा प्लास्टिकका झोलाको प्रयोगलाई कडाईका साथ नियन्त्रण गरी वातावरणमैत्री झोला निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ ।

■नगरक्षेत्रका महत्वपूर्ण नदीनाला, ताल तलैयालाई प्रदूषणमुक्त गर्न प्रभावकारी कार्यको थालनी गरिनेछ ।

■जलवायु परिवर्तन, प्रदूषण नियन्त्रण र यसबाट पर्ने असरबारे आम नगरबासीलाई सचेत गराउनुका साथै स्थानीय पाठ्यक्रममा समेत यी बिषयलाई समावेश गरिनेछ ।

■'जल, जमिन, जङ्गल, जडीबुटी र जलाधारः स्थानीय जनताको समृद्धिको आधार' भन्ने मान्यतामा नगरपालिकाले जलवायु परिवर्तन तथा प्रदूषण नियन्त्रण गर्न प्राकृतिक स्रोत व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नेछ ।

## कला, साहित्य, संस्कृति र संरक्षण

■मेचीनगर क्षेत्रकै पहिचान राष्ट्रिय रुपमा स्थापित गर्ने ढंगले रिडर्स झापाले केही वर्ष यता काँकरभिट्टामा भव्य ढङ्गले आयोजना गर्दै आएको कला साहित्य उत्सवलाई, आवश्यक सम्पूर्ण सहजीकरण गरिनेछ ।

■कला, साहित्य र संस्कृतिको क्षेत्रमा कार्यरत संस्थाहरुलाई आगामी दिनमा सोसंग सम्बन्धित कार्यक्रमको आयोजना गर्दा नगरपालिकाले त्यसको अपनत्व ग्रहण गर्दै आवश्यक सम्पूर्ण सहयोग गरिनेछ ।

■सञ्चालनमा रहेकालाई पनि सहयोग गर्दै सीमा पारिका नेपालीभाषी कलाकर्मी तथा साहित्यकारहरुलाई समेत समेट्ने गरी कला साहित्य प्रतिष्ठान स्थापना गरिनेछ ।

■मूर्ति तथा चित्रकलासँग सम्बन्धित तालिम इन्स्टीच्युट स्थापना गरी त्यसलाई कला क्याम्पसका रुपमा विकसित गरिनेछ ।

## जेष्ठ नागरिक, एकल महिला तथा अपङ्गता भएका ब्यक्तिलाई सुविधा

■"जेष्ठ नागरिक सम्मानित परिचय पत्र" जारी गरिनेछ, त्यो परिचय पत्र वाहकले नगरभित्र विभिन्न सुविधा र सहुलियत पाउने प्रबन्ध मिलाइनेछ ।

■जेष्ठ नागरिकहरुलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्तामा उल्लेख्य बृद्धि गरिनेछ र प्रत्येक २ वर्षमा यसको पुरावलोकन गरिनेछ साथै सुविधासम्पन्न एकीकृत जेष्ठ नागरिक सेवाआश्रम स्थापना गरिनेछ ।

■जेष्ठ नागरिक आश्रमका लागि खडा गरिने कोषमा गरिने नगद चन्दामा आयकर छुट हुने व्यवस्था गरिनेछ ।

■अपाङ्गता भएका व्यक्ति तथा एकल महिलाहरुलाई नगरका सबै सार्वजनिक सेवा, स्थान तथा अन्य सुविधाहरुमा बिशेष व्यवस्थासहित समावेशी र समानुपातिक प्रतिनिधित्व र पहुँच सुनिश्चित गरिनेछ ।

■नगरक्षेत्र भित्र निर्माण गर्ने सबै सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ ।

■एकल महिलालाई तथा अपाङ्ताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरुमा पहुँच बिस्तार गरिनेछ साथै रोजगारी प्रदायकहरुलाई बिशेष सम्मान र प्रोत्साहनको ब्यवस्था गरिनेछ ।

## रोजगार

- नगरका बेरोजगार युवाहरुलाई रोजगारीको अवसर प्रदान गर्न पार्टीको केन्द्रीय घोषणा बमोजिम "युवा उद्यम चुनौती कोष" को कार्यान्वयन गरिनेछ । नवीन सोच सहितको युवा जाँगर र उद्यमशीलता प्रयोग गर्न १६ देखि ४५ वर्षसम्मका युवाहरुलाई लक्षित गरी २५+२५+५० को सहुलियतपूर्ण वित्तीय कार्यक्रम ल्याइनेछ । यो वित्तीय लगानी कार्यक्रममा २५ प्रतिशत अंश युवा उद्यमीको आफ्नै लगानी, २५ प्रतिशत अनुदान र बाँकी ५० प्रतिशत सहुलियतपूर्ण ऋण सहायता रहनेछ ।
- बिदेशिएका मेचीनगर नगरवासी नेपालीहरुले आफ्नो नगरका आयोजनाहरुमा लगानी गर्न चाहेमा प्रदेशसँग समन्वय गरी समपुरक कोष प्रदान गरिनेछ ।
- बगान तथा अन्य विविध क्षेत्रमा काम गर्ने महिला श्रमिकहरुको ज्याला पुरुषको दाँजोमा समान नभएकाले सोलाई समान ज्याला लागू गर्न प्रभावकारी पहल गरिनेछ ।

## सार्वजनिक सेवा

- नगरवासीको तथ्यांकीय विवरण निश्चित गर्न, सेवा प्रवाहमा एकद्वार प्रणाली अपनाउन तथा लक्षित वर्गसम्म सेवा तथा सुविधा पुऱ्याउन नगर नागरिक परिचय पत्रको व्यवस्था गरिनेछ ।
- भ्रष्टाचार र आर्थिक अपराधका विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

■ असहाय बालबालिकाको स्याहार तथा संरक्षण गरिरहेका स्थानीय केही संस्थालाई नियमित अनुदान उपलब्ध गराइनेछ ।

## ब्यवस्थित बस्ती तथा आधुनिक सहर

■ मेचीनगर क्षेत्रलाई ग्रामीण, सहरोन्मुख तथा शहरी क्षेत्रमा बर्गीकरण गरी सोही अनुसारको पूर्वाधार विकासमा जोड दिइनेछ ।

■ नयाँ बस्ती तथा बजार केन्द्रलाई योजनावद्ध एकीकृत बस्ती तथा सहरी विकास योजना अन्तर्गत बिस्तार गरिनेछ ।

■ नगरपालिका कार्यालय भवनको १.५ की.मी. वरिपरिको क्षेत्रलाई बिशेष आवासीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

■ नगरक्षेत्रमा भएका विभिन्न मठ–मन्दिर, मस्जिद, गुम्बा, चर्च तथा बिभिन्न धर्म तथा सम्प्रदायसँग सम्बन्धित पूर्वाधारको निर्माण, मर्मत–सम्भार र संरक्षणका लागि नियमित अनुदानको व्यवस्था गरिनेछ ।

■ ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकास गरी बस्न चाहने समुदायलाई दोहोरो जग्गा रजिष्ट्रेशन कर छुट एवम् ती बस्तीहरुमा पूर्वाधार विकासका लागि लगानीको व्यवस्था मिलाइने छ ।

■ सुकुम्बासीका नाममा दर्ता कायम रहेको तर जग्गा धनीपूर्जा प्राप्त गर्न बाँकी रहेका सुकुम्बासीहरुलाई धनीपूर्जा वितरण गरिनेछ साथै लामो समयदेखि धनीपूर्जा प्राप्त गर्न नसकेका जग्गाबिहीन सुकुम्बासीहरुको पहिचान गरी वास्तबिक भोगका आधारमा जग्गा धनीपूर्जा उपलब्ध गराइने छ ।

■ आगामी दिनमा सुकुम्बासी समस्या नआउने गरी वैज्ञानिक रुपबाट अन्त्य गर्ने कार्यको थालनी गरिनेछ ।

- योजना तर्जुमा र कार्यान्वयन गर्नका लागि वडा विकास कोषलाई प्रोत्साहन गरिनेछ ।
- काँकरभिट्टा, धुलाबारी, इँटाभट्टा, बाहुनडाँगी तथा चाराली बजारक्षेत्रलाई स्मार्ट सहरको रुपमा विकास गरिनेछ ।
- नेपालीपन झल्कने तथा उच्च कलात्मक ज्ञान र शैलीमा निर्मित निजी आवास एवम् सार्वजनिक भवनहरुको निर्माणमा जोड दिइनेछ ।
- सार्वजनिक जमिनको अभिलेख राखी तिनको सुरक्षा र सदुपयोग गरिनेछ ।
- प्रत्येक वडा तहमा स्थानीय तहको खेलकुद मैदान, नगरपालिकामा खेलकुद रङ्गशाला रहने गरी त्यसको संरचना गरिनेछ ।
- निजी क्षेत्रसंग समन्वय गरी पायक पर्ने स्थानमा एक आधुनिक र भब्य स्पोर्ट कम्प्लेक्स बनाइनेछ ।
- महिलाहरुलाई खेलकुदका गतिविधिमा प्रोत्साहन गर्ने उद्देश्यले वार्ड तथा नगरस्तरीय महिला खेलकुद क्लब गठन गरी सञ्जाल समेत निर्माण गरिनेछ ।
- मेचीनगर क्षेत्रमा भएका सामुदायिक वनलाई उपभोक्ता समितिसँगको सहकार्यमा पर्यटकीय स्थलको रुपमा विकास गर्न पार्क, पिकनिक क्षेत्र, वन्यजन्तु आरक्षण केन्द्र तथा मनोरञ्जन स्थलको रुपमा विकास गरिने छ ।
- नगर वनको अवधारण अन्तर्गत एक घर–एक रुख, एक गाउँ–एक वन तथा एक नगर–अनेक उद्यान कार्यक्रम लागू गरिनेछ ।
- निन्दा नदीको किनारमा अवस्थित रामघाट शैलीका अन्तिम संस्कारका स्थलहरुलाई भिन्न भिन्न धर्मावलम्बीका संस्कार अनुरुप व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ ।

■नगरलाई सुरक्षित, सफा र सुन्दर बनाउन सडकहरु, पैदल मार्ग र सार्वजनिक स्थललाई उज्यालो बनाइराखिनेछ ।

■सहरी योजना बनाउँदा वास्तुविद् तथा सिभिल इन्जिनियरहरुको सेवा लिने व्यवस्था गरिनेछ ।

■सहरी योजना तथा पूर्वाधार निर्माणमा विशेष योगदान पुर्‍याउन सक्ने बिभिन्न विधाका अनुभवी र विज्ञ मध्येबाट प्रत्येक वर्ष एक जनालाई मानार्थ मेयर घोषणा गरिनेछ ।

## उर्जा

■नगरक्षेत्रलाई अध्यारोमुक्त बनाउन सार्वजनिक-निजी साझेदारीमा वैकल्पिक तथा नवीकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

■सबै सार्वजनिक स्थलहरुमा स्वच्छ तथा नवीकरणीय उर्जाको प्रयोग गरिनेछ ।

■सिद्धि जलबिद्युत् परियोजना पब्लिक प्राइभेट सहकार्य अन्तर्गत लागानीकर्तासँग समन्वय गरी बिद्युत् उत्पादनमा जोड दिइनेछ, उत्पादित १० मेघावाट विद्युतले यस क्षेत्रको समग्र विकासमा टेवा पुग्नेछ ।

■घरायसी इन्धनको प्रमुख स्रोतको रुपमा दाउरा, गुइँठा प्रयोग गर्ने घरधुरी सङ्ख्यालाई प्रत्येक वर्ष निश्चित प्रतिशत कम गर्दै लगिनेछ ।

■गृहिणीको सुविधा तथा घरायसी उपयोगका लागि इन्धन, खाना पकाउने ग्यास, सहुलियत दरमा सहजै उपलब्ध गराउने कार्यनीति बनाइनेछ ।

- घरायसी इन्धनको प्रमुख स्रोत बायोग्यास उत्पादन र उपयोगमा जोड दिँदै पशुपालनलाई प्रोत्साहित गरिनेछ ।

## नगर प्रहरी तथा सुरक्षा

- नगर तथा नगरवासी जनताको सुरक्षा र सम्पत्तिको संरक्षण गर्न तथा नगरपालिकाको नीति, निर्णय, मापदण्ड र कानुनको कार्यान्वयन गर्न नगर प्रहरीलाई संगठित गरी परिचालित गरिनेछ । साथै विपद् व्यवस्थापन तथा पूर्वाधार संरक्षणमा समेत नगर प्रहरीलाई परिचालित गरिनेछ ।
- सार्वजनिक स्थलहरुमा हुने महिला हिंसा र दुर्व्यवहार नियन्त्रण र निरुत्साहित गर्न महिला प्रहरी टोली परिचालित गरिनेछ ।
- व्यापारिक, सामुदायिक र सार्वजनिक स्थलहरुमा सीसी टीभी क्यामेरा जडान गरी त्यसको निगरानी नगर प्रहरीद्वारा गराइनेछ ।

## तथ्याङ्क र अभिलेख

- आवश्यक जनशक्तिको व्यवस्था गरी सबल स्थानीय तथ्याङ्कीय प्रणाली स्थापित गरिनेछ ।
- महत्वपूर्ण तथ्याङ्कलाई अनलाइन प्रणालीमार्फत प्रादेशिक तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने व्यवस्था गरिनेछ ।
- नगरपालिकामा अत्याधुनिक ई-चौतारीको स्थापना गरिनेछ । यसको माध्यमबाट मौसम, बाली र प्रविधि प्रयोग जस्ता कृषि सम्बन्धी सूचना, बजार मूल्य लगायत अन्य सूचनाहरु जनतामार्फत पुऱ्याइने व्यवस्था गरिनेछ ।

- नगरमा पारदर्शितालाई प्रोत्साहित गर्न ओपन डाटाको लोकतान्त्रिक संस्कार विकसित गरिनेछ ।

## स्थानीय कर

- उद्यमीहरुलाई दाहोरो करको भार नपर्ने गरी सो भार न्यूनतम् हुने गरी नीतिहरु बनाइनेछ । सोका लागि "थोरै कर, धेरै असुली" को नीति अवलम्बन गरिनेछ ।
- करका प्रशासनिक प्रक्रियाहरुलाई सरलीकृत गरिनेछ । सम्पत्ति कर, व्यवसाय कर, विज्ञापन कर, घर बहाल कर, अन्तशुल्क, मनोरञ्जन कर आफ्नै वार्डमा तिर्ने वातावरण बनाउन नगरको आधुनिक सूचना प्रणालीलाई कम्प्युटरको माध्यमबाट एउटै सञ्जालमा गाँसिनेछ ।
- कर चुहावट रोक्न शून्य सहनशीलताको कडा अभ्यास गरिनेछ ।
- "आफ्नै सरकार-खुला सरकार" को अवधारण अनुसार प्रत्येक ६ महिनामा नगरपालिकाको प्रगति विवरण सार्वजनिक गरिनेछ ।

## बिपद् ब्यवस्थापन

- नयाँ बन्ने सबै भौतिक संरचनाहरुलाई भूकम्प प्रतिरोधात्मक बनाउने व्यवस्था मिलाइनेछ ।
- एउटा विपद् कोषको स्थापना गरिने छ ।
- नगरक्षेत्रभित्र विपद् व्यवस्थापनका लागि कम्तीमा एउटा हेली प्याडको व्यवस्था गरिनेछ ।
- जनचेतना जगाउने र पूर्व सूचना प्रवाह गर्ने कार्ययोजना ल्याइनेछ ।

■ स्थानीय पाठ्यक्रममा आफ्नो क्षेत्रको विपद् जोखिमबारे जानकारी दिन र सुरक्षित हुन आवश्यक प्रशिक्षण

*अन्त्यमा,*

एउटा ऐतिहासिक गरिमा बोकेको नेपाली कांग्रेस पार्टीले मेचीनगर नगर क्षेत्रको विकास र समृद्धिका निम्ति यी र यस्तै प्रतिबद्धताहरु तपाईंहरु सामु प्रस्तुत गरेको छ । लामो समयसम्म जनप्रतिनिधिविहीन भएको स्थानीय तहमा जनताका धेरै आशा अपेक्षाहरु छन् । त्यतिमात्र नभएर अबको स्थानीय तह भनेको स्थानीय सिंहदरबार पनि हो अर्थात् जनताका सबैजसो समस्याहरुको निराकरण गर्ने, स्थानीय तहको उन्नतिका हरेक क्षेत्रका सम्पूर्ण कार्य गर्ने थलो पनि यही हो । त्यसैले गर्दा मतदान गर्ने समयमा हामीले गम्भीर हुन जरुरी छ । नेपाली कांग्रेसले यी सबै कुरालाई मध्यनगर गरी अत्यन्त जुझारु, इमान्दार, विकासप्रेमी, जनताको सेवालाई आफ्नो अभीष्ट ठान्ने उम्मेद्वारहरुको प्यानल यहाँहरु समक्ष लिएर आएको छ । नगर प्रमुख पदका उम्मेद्वार विमल आचार्य, उपप्रमुख पदका उम्मेद्वार दुर्गादेवी खतिवडा लगायत १५ वटै वडाका अध्यक्ष पदका उम्मेद्वारहरु, नगर परिषद् सदस्य पदका उम्मेद्वारहरुलाई रुख चिन्हमा आफ्नो अमूल्य मत दिएर अत्यधिक मतले विजय गराउनुहुन सम्पूर्ण मेचीनगरबासी आदरणीय बुबा, आमा, दिदी बहिनी तथा दाजु भाइहरुमा सादर अनुरोध गर्दछौं ।

*जय नेपाल !*